# रौतहट, मध्य तराई र कर्णाली क्षेत्रको मानव विकास (Human Development) को स्थिति



उमेश बस्नेत

## परिचय :

युएनडिपीले सन् १९९० मा विश्वमा पहिलो पटक मानव विकास प्रतिवेदन प्रकाशन गरे पश्चात मानव विकास विकासको एक महत्वपूर्ण प्रकर्षण (Development Thrust) बन्दै आएको छ । नेपालमा पनि सन् १९९८ मा पहिलो पटक मानव विकास प्रतिवेदन प्रकाशन भए संगै यस विषयले चर्चा परिचर्चा पाउन थालेको हो । सामान्यतया मानव विकास भनेको मानिसको जीवनयापनमा सकारात्मक वृद्धि र परिर्वतन हो । वृहत अर्थमा मानव विकास भनेको मानिसहरुको आधारभूत क्षमता र उत्पादनशील क्षमताको अभिवृद्धि हो । मानिसहरुको स्वतन्त्र, मर्यादित र सुखी जीवनयपनका लागि उनीहरुको छनोटको बिस्तार गर्न व्यक्ति र समुदायको आवश्यक क्षमताको विकास गर्नु नै मानव विकास हो । यसमा शिक्षा, स्वास्थ्य, सूचना, जीवनको गुणस्तर, सुरक्षा, राजनीतिक तथा समाजिक स्वतन्त्रता, सहभागिता र समावेशिता जस्ता तत्वहरु पर्दछन् । लामो, स्वस्थ्य र सृजनशील जीवन, ज्ञानमा पहुँच, राम्रो पोषण र स्वास्थ्य सुविधा, राम्रो रोजगारी र आय, सुरक्षित जीवन निर्वाह, अपराध र हिंसा विरुद्ध सुरक्षा, राजनीतिक तथा सामाजिक स्वत्रन्त्रता, सामूदायिक क्रियाकलापमा सहभागिता र सन्तोषजनक खालि समय मानव विकासका लक्षणहरु हुन् । मानव विकासलाई मानव विकास सूचाङ्क (HDI) का आधारमा मापन गरिन्छ । मानव विकासले औषत आयु, साक्षरता, विद्यालय पढेको औषत उमेर र प्रति व्यक्ति आम्दानीका आयामहरुको औषत उपलब्धिलाई झल्काउँदछ ।

नेपाल मानव विकास प्रतिवेदन, २०१४ ले नेपालमा मानव विकासको अवस्थामा प्रगति हुँदै गरेको देखाएको छ  तर विभिन्न समुदाय बीचमा असमानता र क्षेत्रीय अशन्तुलन बढेको तथ्य पनि संगै उजागर गरेको छ । नेपालको मध्य तराई (पर्सा देखि सप्तरी सम्मका ८ जिल्लाहरु) र कर्णाली तथा आसपासका क्षेत्रमा मानव विकासको अवस्था राष्ट्रिय औषत स्थिति भन्दा धेरै तल रहेको छ जसलाई यस लेखको मुख्य विषय वस्तु बनाईएको छ ।

## नेपालको मानव विकासको स्थिति :

नेपाल मानव विकास प्रतिवेदन, २०१४ अनुसार सन् २०११ मा नेपालको मानव विकास सूचाङ्क (HDI) ०.४९ रहेको छ । मानव विकास सूचाङ्कमा ०.५० हुनुलाई शन्तोषजनक वा पास मान्ने गरिन्छ यस अर्थमा नेपालको सूचाङ्क अझ पनि शन्तोषजनक मान्न सकिन्न । मानव विकासका ३ वटा आयाम तर्फ औषत आयु ६८.८० वर्ष, प्रौढ साक्षरता ५९.५७ प्रतिशत, विद्यालय पढेको औषत उमेर ३.९० वर्ष र क्रयशक्ति अनुपातमा प्रतिव्यक्ति आम्दानी (PPP) वार्षिक अमेरिकी डलर ११६० रहेको छ । शहरी क्षेत्रको HDI ०.५७९ र ग्रामीण क्षेत्रको ०.४६४ रहेको छ । त्यसैगरी हिमाली प्रदेशको ०.४४०, पाहाडी प्रदेशको ०.५२० र तराई प्रदेशको ०.४६८ HDI रहेको छ । विकास क्षेत्रका दृष्टिले पूर्वाञ्चलको ०.४९०, मध्यमाञ्चलको ०.५१०, पश्चिमाञ्चलको ०.४९९, मध्य पश्चिमाञ्चलको ०.४४७ र सुदूर पश्चिमाञ्चलको ०.४३५ मात्र HDI रहेको छ ।

हिमाली क्षेत्रको HDI सबैभन्दा कम हुनुमा डोल्पा, जुम्ला, कालिकोट, बाजुरा, हुम्ला ५ जिल्लाको न्यून औषत आयु हुनु हो । त्यसैगरी हुम्ला र मुगुको न्यून साक्षरता र बझाङ्ग, बाजुरा र कालिकोटको न्यून आय हुनु मुख्य कारण रहेका छन् ।

नेपालमा सबैभन्दा बढि HDI मध्य पहाडमा ०.५७१ र सबै भन्दा कम सुदूर पश्चिम हिमालमा ०.३८६ रहेको छ त्यसपछि मध्य पश्चिम हिमालमा ०.३९२ रहेको छ । मध्य तराईको ८ जिल्लाको HDI ०.४४३ मात्र रहेको छ

जबकि पूर्वी तराईको ०.४८५, पश्चिम तराईको ०.४८०, मध्य पश्चिम तराईको ०.४७६ र सुदूर पश्चिम तराईको ०.४६६ रहेको छ । मध्य पहाडमा काठमाण्डौं उपत्यकाको मात्र HDI ०.६२२ रहेको छ । काठमाण्डौं उपत्यका र पश्चिम पाहाडी क्षेत्र मात्र औषत HDI भन्दा माथि रहेका छन् । मध्य पश्चिम, सुदूर पश्चिम पहाड एवं हिमाल र मध्य तथा पूर्वी तराईको ठुलो भूभाग मानव विकासको औषत स्थिति भन्दा पछाडिको अवस्थामा छन् ।

जिल्लागत अध्यन गर्दा सबै भन्दा बढि HDI भएका ५ जिल्लाहरुमा काठमाण्डौं ०.६३२ (पहिलो), ललितपुर ०.६०१ (दोस्रो), काँस्की ०.५७६ (तेस्रो), भक्तपुर ०.५७३ (चौथो) र मनाङ्ग ०.५६८ (पाँचौं) रहेका छन् । त्यसैगरी सबै भन्दा कम HDI भएका ५ जिल्लाहरुमा बाजुरा ०.३६४ (७५ औं), बझाङ्ग ०.३६५ (७४ औं), कालिकोट ०.३७४ (७३ औं), हुम्ला ०.३७६ (७२ औं) र अछाम ०.३७८ (७१ औं) रहेका छन् । त्यसैगरी रौतहट ०.३८६ (७० औं), महोतरी ०.३८८ (६९ औं), जाजरकोट ०.३९३ (६८ औं), रोल्पा ०.३९५ (६७ औं), डोल्पा ०.४०१ (६६ औं), सर्लाही ०.४०२ ( ६५ औं), डोटी ०.४०७ (६४ औं), सिराहा ०.४०८ (६३ औं) र जुम्ला ०.४०९ (६२ औं) रहेका छन् । मध्य तराईका अन्य जिल्लाहरुमा सप्तरी ०.४३७, धनुषा ०.४३१, बारा ०.४५७ र पर्साको ०.४६४ रहेको छ । कर्णाली तथा आसपासको क्षेत्रमा जुम्ला र मध्य तराईमा पर्सा जिल्लाको HDI सूचाङ्क अरु भन्दा राम्रो रहेको छ ।

नेपालका ७५ जिल्लाहरुलाई HDI Value का आधारमा वर्गीकरण गर्दा ०.४०० भन्दा कम रहेका १० जिल्लाहरुमा बाजुरा, बझाङ्ग, कालिकोट, हुम्ला, अछाम, रौतहट, महोत्तरी, जाजरकोट, रोल्पा र मुगु रहेका छन् । त्यसैगरी ०.४०० देखि ०.४४९ मा पर्ने १६ जिल्लाहरुमा डोल्पा, सर्लाही, डोटी, सिराहा, जुम्ला, प्यूठान, बैतडी, दैलेख, रुकुम, धनुषा, कपिलवस्तु, दार्चुला, सप्तरी, सिन्धुली, सल्यान र डडेल्धुरा पर्दछन् । ०.४५० देखि ०.४९९ सम्म ३० वटा जिल्ला, ०.५०० देखि ०.५४९ सम्म १३ वटा जिल्ला र ०.५५० भन्दा माथी ६ वटा जिल्ला रहेका छन् ।

## मानव विकास सूचाङ्कमा GDI, GEM र HPI को स्थिति :

मानव विकास सूचाङ्क लैङ्गिक विकास सूचाङ्क (GDI), लैङ्गिक सशक्तिकरण मापन (GEM) र मानवीय गरिवी सूचाङ्क (HPI) को मिश्रित योग हो । GDI र GEM ले पुरुष र महिला बीचको असमानतालाई मापन गर्दछ । GDI ले महिला र पुरुषको स्वास्थ्य, शिक्षा र प्रति व्यक्ति आयमा रहेको असमानतालाई मापन गर्दछ । नेपालको GDI ०.४८२ रहेको छ जसमा हिमाली प्रदेश ०.४३०, पाहाडी प्रदेश ०.५१५ र तराई प्रदेश ०.४५८ रहेको छ । हिमाली र तराई प्रदेशको GDI राष्ट्रिय औषत भन्दा न्यून रहेको छ । त्यसैगरी GEM ले सार्वजनिक (राजनीतिक तथा प्रशासनिक) क्षेत्र र आर्थिक क्षेत्रमा सहभागिता र निर्णय, आर्थिक स्रोतमा अधिकारको अवसरलाई जनाउँदछ । नेपालको GEM ०.५६८ रहेकोमा हिमाली प्रदेश ०.४८३, पाहाडी प्रदेश ०.५७२ र तराई प्रदेश ०.५६३ रहेको छ । HPI ले आय र क्षमता जनाउँदछ । नेपालको HPI Value ३१.१२ रहेको छ । सबैभन्दा कम HPI भएका (थोरै गरिवी भएका) ५ जिल्लाहरुमा क्रमश : काँस्की १६.५०, ललितपुर १९.१८, भक्तपुर १९.४६, झापा २१.८२ र काठमाण्डौं २२.४५ रहेका छन् । त्यसैगरी सबैभन्दा बढि HPI भएका (४५-५०) अर्थात मानवीय गरिवी बढि भएका ५ जिल्लाहरुमा हुम्ला ४९.२६, अछाम ४६.६८, रौतहट ४६.४३, बझाङ्ग ४५.३२ र मुगु ४५.२२ रहेका छन् । ४०-४४ HPI भएका १३ जिल्लाहरुमा सल्यान, दैलेख, धनुषा, जुम्ला, रसुवा, सिराहा, बाजुरा, डोटी, सर्लाही, जाजरकोट, डोल्पा, महोतरी पर्दछन् । सबैभन्दा कम गरिवी मध्य पाहाडी क्षेत्रमा २४.६५ रहेको छ भने सवै भन्दा बढि मध्य पश्चिमका हिमाली क्षेत्रमा (कर्णाली) ४४.६३ रहेको छ । मध्य तराई क्षेत्रमा ३९.४२ मानवीय गरिवी रहेको छ जुन औषत भन्दा बढि नै गरिवी हो ।

## रौतहट जिल्लाको मानव विकासको स्थिति, २०११ :

रौतहट जिल्लाको कुल जनसंख्या ६८६७२२ रहेको छ जसमध्ये पुरुष ३५१०७९ र महिला ३३५६४३ रहेको छ । रौतहट जिल्लाले मानव विकास सूचाङ्क (HDI) मा ०.३८६ प्राप्त गरी ७५ जिल्ला मध्ये ७० औं स्थानमा रहेको छ । याँहाका मानिसको औषत आयु ७०.९९ वर्ष, साक्षरता ३३.८९ प्रतिशत, विद्यालय पढेको औषत उमेर २.१९ वर्ष र क्रयशक्ति अनुपातमा प्रति व्यक्ति आम्दानी (PPP) अमेरिकी डलर ७५७ रहेको छ । मानवीय गरिवी सूचाङ्क (HPI) ४६.४३ अङ्क रहेको छ जसमा ४० वर्ष भन्दा वढी बाँच्ने अपेक्षा नगरिएका ७.२७ प्रतिशत, अशिक्षित ६६.११ प्रतिशत,

स्वच्छ खानेपानी सुविधा नभएको ४.८७ प्रतिशत, ५ वर्ष भन्दा कम उमेर समूहका कुपोषण भएका ३९.७० प्रतिशत र अति कमजोर आर्थिक अवस्था भएका २२.२९ प्रतिशत रहेको छ । समष्टिमा रौतहट जिल्लाको मानव विकास सूचाङ्क नेपालको औषत सूचाङ्क (०.४९) भन्दा न्युन रहेको छ भने मध्य तराईका ८ जिल्लाहरु मध्येमा पनि सवैभन्दा पछाडि रहेको छ ।

**समस्या र सुधारका उपाय :**

नेपालको मानव विकासमा असमानता तथा क्षेत्रीय अशन्तुलन सहित समग्र मानव विकासको अवस्था कमजोर हुनुमा विभिन्न समस्याहरु विधमान रहेका छन् । खासगरी कर्णाली तथा आसपासका क्षेत्रमा भौगोलिक विकटता र छरिएको वस्तीले सरकारी तथा गैर सरकारी क्षेत्रको लगानी अपर्याप्त रह्यो भने मध्य तराईमा जनसंख्याको अनुपातमा लगानी न्यून रह्यो । यी दुवै क्षेत्रमा साधन श्रोत र सेवा सुविधाको अनुपयोग तथा दुरुपयोग हुने गरेको चर्चा पनि सुनिने गरिएको छ । सार्वजनिक सेवा सम्वन्धी सूचना, अन्तर निकाय समन्वय तथा सूचना आदान प्रदान र विकासमा समावेशी सहभागिताको कमीले उपलब्ध सेवाको राम्रो उपयोग तथा परिचालन हुन सकेन । अर्को तर्फ गरिवी, पछौटेपना, जातीय विभेद, लैङ्गिक विभेद, सचेतनाको कमी, पोषण रहित खाना, सामाजिक कुरीतिहरु, कुप्रथाहरु, परम्परागत मूल्य मान्यताहरु, तत्काल उपभोग नगरी भविष्यका लागि सम्पति जोड्ने परिपाटी, सेवामा सम्भ्रान्तहरुको बोलवाला भई सर्वसाधारणको पहुँचको कमी, सीपयुक्त जनशक्तिको कमी, प्रविधि हस्तानतरणको न्यूनता आदि समस्याहरुले मानव विकासमा अवरोध पुऱ्याएका छन् ।

मानव विकास विकासको साध्य (Ends) र साधन (Means) दुवै हो । मानव विकास सभ्यता र समृद्धिको प्रतिक हो । एक्काइशौं शताव्दीमा आईपुग्दा पनि हाम्रो मानव विकास अवस्था शन्तोषजनक छैन जबकी नर्वेको ०.९४ सूचाङ्क (विश्वमा पहिलो स्थान) रहेको छ । यसमा व्यापक सुधारको खाँचो रहेको छ । हाम्रो मानव विकासका लागि आधरभूत शिक्षा र स्वास्थको सुदृढिकरण, स्वच्छ खानेपानी, बाल पोषण, आयमा वृद्धि, पिछडिएको समुदायलाई शिक्षा तथा आर्थिक अवसर, पिछडिएको क्षेत्रमा व्यापक पूर्वाधार विकास, सामाजिक परिचालन र जनचेतनाको विकासमा जोड दिनुपर्ने देखिन्छ ।

अव्राहम लिङ्कनले भनेका छन् यदि समस्याका कारणहरु नयाँ हुन भने समाधान पनि नयाँ ढङ्गले गरिनु पर्दछ । यसका लागि राज्यले देहाय बमोजिमका नीतिहरु अवलम्वन गर्नु पर्ने हुन्छ । पहिलो, योजना तथा बजेटमा असमानता तथा अशन्तुलनलाई ध्यानदिने : केन्द्रीय तथा स्थानीय निकायको योजना तथा बजेटमा सडक, शिक्षा र स्वास्थको पूर्वाधारमा लगानी बढाउने । दोस्रो, मानव विकासमा धेरै पछाडि परेका स्थानमा ध्यान दिने :- मध्य तराई र मध्य तथा सुदर पश्चिमका हिमाली क्षेत्रमा शिक्षा, स्वास्थ, सरसफाइ, सामाजिक परिचलन र जनताको सशक्तीकरणमा जोड दिने । तेस्रो, समावेशी नीतिहरुको दायरा बढाउने र पहुँच पुऱ्याउने :- शिक्षा, स्वास्थ र आर्थिक अवस्थामा समावेशी व्यवस्था, सामाजिक सुरक्षा, नगद सहायता तथा सामाजिक रुपान्तरण कार्यक्रम ल्याउने । चौथो, शहरी र ग्रामीण क्षेत्रको अन्तर सम्बन्धलाई सुदृढ गर्ने :- सूचना, पूँजि र प्रविधिको हस्तानतरण गर्न यस्तो सम्बन्धलाई बढावा दिनु पर्दछ । यसका लागि कृषिको विकास, शन्तुलित शहरी विकास, शहर - गाउँ बीचमा सडक तथा पुल निर्माण आदिमा जोडदिने । पाँचौं, जनसांख्यिक लाभाँश (Demographic Dividend) को उपयोग गर्ने :- यसका लागि उत्पादनशील रोजगारी अवसरको सृजना, सुरक्षित आप्रावासन, प्राविधिक शिक्षामा लगानी अभिबृद्धि र महिलाहरुको सामाजिक तथा कानूनी सशक्तीकरणमा जोड दिनु पर्दछ । वस्तुत : मानव विकास राज्यको एक्लो प्रयासबाट मात्र संभव छैन । यो प्रत्येक व्यक्ति, परिवार, समाजसंग सम्वन्धित भएकोले प्रत्येक तहको सकारात्मक सोच, आफूलाई परिवर्तन र आधुनिकिकरण गर्ने तत्परता र उपलब्ध सेवाहरुको प्रभावकारी उपयोग गर्दै गएमा मात्र मानव विकासको प्रयास सफल हुने कुरामा विश्वास गर्न सकिन्छ ।

*(लेखक जिल्ला विकास समिति रौतहटका स्थानीय विकास अधिकारी हुनुहुन्छ )*

प्रतिक्रियाका लागि : umeshbasnet@hotmail.com